३८. **स्रेस्ता** – जर्मन सहयोग नियोग (के.एफ.डब्लु) फण्डतर्फ रु.४८ लाख ५२ हजारको निर्माण खर्चको स्रेस्ता पेश गरेकोमा ठेक्का बन्दोबस्त फाइल, ठेक्का मूल्याङ्कन तथा स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन लगायतका निर्माण सम्बन्धी प्रमाण पेश गरेको छैन ।

३९. **हानी नोक्सानी पारेको** – शिवालय खोलामा आर.सि.सी. कज–वे निर्माण कार्यको ठेक्का बन्दोबस्त गर्दा दर्ता भएका ४ बोलपत्रमध्ये सब भन्दा कमको बोलपत्र स्वीकार नगरी पुष्ट्याई बेगर रु.९९ हजार बढीको ठेक्का स्वीकार गरी सरकारलाई हानी नोक्सानी पु¥याएको छ ।

४०. **अख्तियारी बेगरको खर्च** – अख्तियारीमा कज–वे निर्माण कार्य बाहेक अन्य खर्च गर्न नमिल्ने स्पष्ट व्यवस्था गरेकोमा अन्य स्रोतबाट सापटी ल्याई कार्यालय सामान, मोटरसाइकल मर्मत एवं मसलन्दमा रु.१ लाख ७७ हजार अख्तियारीले तोकेको सीमा भन्दा बढी खर्च गरेको छ ।